# पाठ ३०

१. यद्यपि परमेश्वरले फारो र मिश्रीहरू माथि नौ थरिका कठिन विपत्तिहरू पठाउनुभयो के तर फारोले इज्रेलीहरूलाई जान दिए ?

- दिएनन् ।

२. परमेश्वरले पठाउनुहुने अन्तिम विपत्ति के हुनेवाला थियो ?

- अन्तिम विपत्ति यस्तो महाविपत्ति हुनेथियो जसले मिश्रीहरूका सबै पहिले जन्मेका सन्तान र चौपायाका जेठा सन्तानलाई मार्ने थियो ।

३. परमेश्वरले इज्रेलीहरूको हरेक घरको मूलीलाई के निर्देशन दिनुभयो ताकि तिनीहरूको घरमा पहिले जन्मेकाहरू नमरून् ?

- तिनीहरूलाई उहाँले एक वर्ष थुमा वा बोका छान्न भन्नुभयो ।

४. परमेश्वरल इज्रेलीहरूलाई कस्तो थुवा वा बोका छान्न भन्नुभयो ताकि तिनीहरूको घरमा पहिले जन्मेकाहरू नमरून् ?

- कुनै खोट नभएको ।

५. किन परमेश्वरले कुनै खोट नभएको एक वर्षे थुमा वा बाका छान्न भन्नुभयो ?

- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।
- किनभने परमेश्वरले भन्नुहुने हरेक कुरा सिद्ध हुन्छ ।
- किनभने परमेश्वरले गर्नुहुने हरेक कुरा सिद्ध हुन्छ ।

७. महिनाको चौधौं दिनमा उक्त थुमाले के गर्न परमेश्वरले इज्रेलीहरूलाई आज्ञा दिनुभयो ?

- परमेश्वरले थुमा मारिनै पर्ने आज्ञा दिनुभयो ।
- परमेश्वरले थुमा मर्नै पर्ने आज्ञा दिनुभयो ।

८. थुमाको रगतले के गर्नु भनी परमेश्वरले इज्रेलीहरूलाई आज्ञा दिनुभयो ?

- ढोकाको सँघारमा रगतको चिनो लगाउनु भनी आज्ञा दिनुभयो ।

९. थुमाको रगतले के गर्नु भनी परमेश्वरले इज्रेलीहरूलाई आज्ञा दिनुभयो ?

- परमेश्वरले इज्रेलीहरूलाई त्यस थुमाको रगत ढोकाको माथि र दुवै तर्फ लगाउनु भन्नुभयो जुन घरमा इज्रेलीहरूले राति त्यस भेडाको मासु खानेवाला थिए ।

१०. परमेश्वरले किन इज्रेलीहरूलाई बाहिर रगत लागेको घरभित्र बिहानसम्म बस्न भन्नुभयो ?
- बाहिरको रगतले भित्र रहेका इज्रेलीहरूलाई ढाक्नुको लागि थियो ।

११.के परमेश्वरले हामीलाई हाम्रै तरिकाले जोगाउन अनुमति दिनुहुन्छ ?
- दिनुहुन्न ।

१२. कसको तरिकाले मात्रै हामीलाई बचाउँछ ?
- परमेश्वरको ।

१३. के परमेश्वरले उहाँले भन्नुभएजस्तै मिश्रीहरूका पहिले जन्मिएका सबैलाई मार्नुभयो ?
- मार्नुभयो ।

१४. फारो र सबै मिश्रीहरूका पहिले जन्मिएकाहरू मरेपछि फारोले के गरे ?
- त्यस रात फारोले इज्रेलीहरूलाई जान दिए ।
- के फारोले वा अरू कसैले परमेश्वरसँग लडाइँ गरेर उहाँलाई जित्न सक्छ ?
- सक्दैन ।

- परमेश्वरले इज्रेलीहरूलाई मिश्रबाट निकालिसकेपछि तिनीहरूलाई कहाँ लैजान अगुवाइ गरिरहुनुभएको थियो ?

- कनानको भूमिमा फिर्ता लैजाँदै हुनुहुन्थ्यो ।

- कनानको भूमिनै थियो जहाँ परमेश्वरले अब्राहाम, इसहाक र तिनका दरसन्तानहरूसँग प्रतिज्ञा गर्नुभएको थियो ।

- जब इज्रेलीहरू पहिलोचोटि मिश्रमा आएका थिए त्यतिबेला केवल तिनीहरू जम्मा ७० जना थिए ।

- अहिले ४०० वर्षसम्म मिश्रमा बसिसकेपछि इज्रेलीहरूको सङ्ख्या बढेर २० लाख पुगेको थियो ।

- २० लाख मानिसलाई अगुवाइ गर्न परमेश्वर कसरी सक्षम हुनुभयो ?

आउनुस् प्रस्थान १३:२१-२२

[21] परमप्रभुले दिउँसो अग्लो बादललाई र राती अग्लो आगोको खम्बालाई तिनीहरूलाई बाटो देखाउन प्रयोग गर्नु भयो। आगो तिनीहरूलाई उज्यालो दिन्थ्यो र तिनीहरू राती पनि यात्रा गर्न सक्थे। [22] अग्लो बादलको खाँबो दिनमा र आगोको खाँबो रातीमा तिनीहरूसँगै हुन्थ्यो।

- परमेश्वरले इज्रेलीहरूलाई दिनमा कसरी अगुवाइ गर्नुभयो ?
- बादलद्वारा ।

- परमेश्वरले इज्रेलीहरूलाई रातमा कसरी अगुवाइ गर्नुभयो ?
- आगोको खामोद्वारा ।

- यदि परमेश्वरले अगुवाइ गर्नुहुन्नथ्यो भने तिनीहरूलाई कहाँ जाने भन्ने थाहा हुन्थ्यो ?
- हुन्नथ्यो ।

- यदि परमेश्वरले अगुवाइ गर्नुहुन्नथ्यो भने तिनीहरूलाई के हुन्थ्यो ?
- तिनीहरू हराउँथे र मर्थे ।

- किनभने परमेश्वरले इज्रेलीहरूलाई प्रेम गर्नुभयो त्यसैले उहाँले तिनीहरूलाई हराउँन र मर्न दिनुभएन ।

- परमेश्वरले इज्रेलीहरूलाई लाल समुद्रको छेउसम्म अगुवाइ गर्नुभयो ।

- लाल समुद्रमा पुगेपछि परमेश्वरले इज्रेलीहरूलाई केही समयसम्म आराम गर्नु भन्नुभयो ।

आउनुस् प्रस्थान १४:१-३ पद पढौं ।

तब परमप्रभुले मोशालाई भन्नु भयो, [2] “इस्राएलीहरूलाई पी-हहीरोत फर्की जानु भन। तिनीहरूलाई भन, मिग्दोल अनि समुद्रको बीचमा बालसपोन कै नजिक छाउनी लगाऊ। [3] फिरऊनले सोच्नेछ इस्राएलका मानिसहरू मरुभूमिमा हराए छन्। अनि उसले सोच्नेछ मानिसहरूको जाने ठाउँ छैन।

- परमेश्वरले किन इज्रेलीहरूलाई लाल समुद्रको किनारामा अगुवाइ गर्नुभयो ।

- परमेश्वर मिश्रीहरू र इज्रेलीहरू दुवैलाई उहाँ मात्रै परमेश्वर हुनुहुन्छ भनी देखाउन चाहनुहुनथ्यो ।
- फारोले के सोचिरहेका छन् भनेर परमेश्वरलाई कसले बतायो ?
- कसैले पनि होइन ।

- फारोले के सोचिरहेको होलान् भनेर परमेश्वरलाई कसरी थाहा भयो ?

- फारोले सोच्नुभन्दा पहिल्यै परमेश्वरले तिनको मनको कुरा जान्नुहुन्छ ।

- हामीले सोच्नुभन्दा पहिल्यै परमेश्वरले हाम्रो मनको कुरा जान्नुहुन्छ ।

आउनुस् प्रस्थान १४:५-९ पद पढौं ।

5 इस्राएलका मानिसहरू भागे भन्ने समाचार फिरऊनले थाहा पायो। जब फिरऊन र उसका अधिकारीहरूले पनि यो खबर सुने, तिनीहरूले के गरेका थिए त्यस विषयमा आफ्नो विचार बद्ली गरे। फिरऊनले भने, "हामीहरूले किन इस्राएली मानिसहरूलाई तिनीहरूको दासत्वबाट जान दियौं?"

6 यसर्थ फिरऊनले आफ्नो रथ ठीक पार्यो अनि आफूसँगै आफ्नो मानिसहरूलाई लियो।
7 उसले आफ्नो सर्वश्रेष्ठ मानिसहरूमध्ये 600 जना अनि आफ्नो सारा रथहरू लिए। प्रत्येक रथमा एकजना अधिकारी थिए।
8 इस्राएलका मानिसहरू निडर साथ बढिरहेका थिए, तर परमप्रभुले फिरऊनलाई अट्टेरी बनाइ दिनु भयो, यसर्थ उसले इस्राएलीहरूलाई खेद्यो।

9 मिश्री फौजसित धेरै घोडा, सेना अनि रथहरू थिए। तिनीहरूले इस्राएलीहरूलाई खेदे र लाल समुद्रको नजिक बालसिपोनमा जहाँ तिनीहरूले छाउनी लगाएका थिए तिनीहरूलाई पक्रे।

- फारोले इज्रेलीहरूलाई फेरि पक्रिन्छु भनी सोचेका थिए ।
- त्यसकारण फारोले तिनको सेनालाई एकठ्ठा पारे र इज्रेलीहरूलाई पक्रिन भनी फेरि गए ।

- इज्रेलीहरूलाई पक्रिन भनी फारोलाई कसले अगुवाइ गरिरहेको थियो ?
- शैतानले ।

- शैतानले किन फारोले इज्रेलीहरूलाई फेरि पक्रिएको चाहन्थ्यो ?

- किनभने शैतान इज्रेलीहरूलाई सखाप पार्न चाहन्थ्यो ।

- फारो र तिनको सेना फेरि तिनीहरूलाई पक्रिन आइरहेको देखेपछि इज्रेलीहरूले के गरे ?

आउनुस् प्रस्थान १४:१०क र ११-१२ पद पढौं ।

10 इस्राएलीले फिरऊनलाई उसका मिश्रदेशीहरूसित आउँदै गरेको देखे।
11 तिनीहरूले मोशालाई भने, "तिमीले हामीहरूलाई मिश्रबाहिर किन ल्यायौ? मिश्रमा के धेरै चिहानहरू थिएनन्? किन तिमीले हामीलाई

मरुभूमिमा मार्न ल्यायौं? [12] हामीले मिश्रमा तिमीलाई भनेका थियौं, 'यस्तो परी आउनेछ। मिश्रमा हामीले भनेका थियौ कि हाम्रो चिन्ता नगर्नु होस्।' हामीलाई मिश्रमा बस्न दिनुहोस र मिश्र वासीहरूको सेवा गर्न दिनुहोस। यसरी मरुभूमिमा आएर मर्नु भन्दा त त्यही बसी कमारा-कमारी हुनु नै असल थियो।"

- इज्रेलीहरूले मोसालाई दोष लगाए र भनेकी कि तिनीहरू मिश्रमै बसेका भए हुनेथियो ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरले पठाउनुभएका दशओटा महाविपत्तिहरू देखे तर पनि तिनीहरूले परमेश्वरमा विश्वास गरेनन् ।
- इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेनन् तर मोसाले परमेश्वरमा विश्वास गरे ।
- मोसाले इज्रेलीहरूलाई भनेको कुरा यहाँ छ ।

आउनुस् प्रस्थान १४:१३-१४ पद पढौं ।

[13] तर मोशाले उत्तर दिए, "नडारऊ तिमीहरू जहाँ छौ त्यहीं उभिने काम गर अनि हेर आज परमप्रभुले तिमीहरूलाई बचाउनु हुनेछ। तिमीहरूले यी मिश्रबासीलाई फेरि कहिल्यै देख्ने छैनौ।
[14] तिमीहरूले केही गर्नु पर्दैन तर स्थिर भएर बस। परमप्रभुले तिमीहरूको निम्ति युद्ध गर्नु हुनेछ।"

- के इज्रेलीहरू आफ्नो रक्षा गर्न समर्थ थिए ?
- थिएनन् ।

- किन इज्रेलीहरू आफै आफ्नो रक्षा गर्न समर्थ थिएनन् ?

- लाल समुद्र तिनीहरूको अगाडि थियो, तिनीहरूका दुवैतर्फ पर्वत थियो फारो र तिनका सेनाहरू पछाडि थिए ।
- इज्रेलीहरू पासोमा परेका थिए ।

- इज्रेलीहरूलाई बचाउन सक्नुहुने को मात्रै थियो ?
- परमेश्वर ।

- जब आदम र हव्वा आदनको बगैंचाबाट खेदिए तब तिनीहरूका निम्ति फेर उक्त बगैंचामा फर्केर आउन सम्भव थिएन ।

- केवल परमेशवर मात्रै तिनीहरूलाई बचाउन बाटो बनाउन सक्षम हुनुहुन्थ्यो ।

- जब इसहाकका हातखुट्टा बाँधिएका थिए र अब्राहाम तिनलाई बलि चढाउन चक्कु उठाइरहका थिए तब इसहाक आफूलाई बचाउन सक्दैनथे ।

- केवल परमेश्वरले मात्रै इसहाकलाई बचाउन बाटो बनाउन सक्षम हुनुहुथ्यो ।

- अहिले इज़्रेलीहरू चारैतर्फबाट थुनिएका थिए र तिनीहरू आफुलाई बचाउन अक्षम थिए ।

- केवल परमेश्वर मात्रै इज़्रेलीहरूलाई बचाउन बाटो बनाउन सक्षम हुनुहुन्थ्यो ।

- इज़्रेलीहरूलाई बचाउन केवल परमेश्वर मात्रै सक्षम हुनुभएजस्तै हामीलाई बचाउने बाटो बनाउन परमेश्वरमात्रै सक्षम हुनुहुन्छ ।
- के परमेश्वरले इज़्रेलीहरूलाई बचाउने उपाय निकाल्नुभयो त ?

आउनुस् प्रस्थान १४:२१-२२ पद पढौं ।

21 मोशाले आफ्नो लहुरो लाल समुद्रमाथि उठाए अनि परमप्रभुले पूर्वबाट तेजसित बतास चलाइदिनुभयो।
बतास रात भरी नै चलिरह्यो, पूर्वीय बतासले समुद्रलाई सुकाइदियो अनि यसलाई दुइ भाग पारि दियो।
22 इस्राएलका मानिसहरू सूखा जमीनमाथि हिंडेर समुद्र पार गरे। तिनीहरूको दाहिने र देब्रेपट्टि समुद्रको
पानी पर्खाल झै उभिएको थियो।

- परमेश्वरले लाल सागरलाई दुई फ्याक परेर बीचमा खाली ठाउँ छाड्न आदेश दिनुभयो ताकि इज़्रेलीहरू ओभानो भूमिभएर सागर पार गरून् ।

- के परमेश्वरलाई लाल सागरलाई दुई फ्याक गर्नु गाह्रो काम थियो ?
- थिएन ।

- परमेश्वरको निम्ति लाल सागरलाई दुई फ्याक गर्नु किन गाह्रो काम थिएन ?

- किनभने लाल सागरलाई परमेश्वरले बनाउनुभएको हो ।
- किनभने समुद्रहरूको मालिक परमेश्वर हुनुहुन्छ ।
- किनभने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ र सबै थोक गर्न सक्नुहुन्छ ।

- इज़्रेलीहरूले लाल सागर तर्न सुरू गरे ।

- किनभने फारो र तिनको सेना इज़्रेलीहरुलाई फेरि पक्रिन आइरहेको थियो त्यसैले तिनीहरूलाई बचाउन परमेश्वरले के गर्नुभयो ?

आउनुस् प्रस्थान १४:१९-२० पद पढौं ।

[19] तब परमप्रभुका स्वर्गदूत मानिसहरूका पछि लागे। (परमप्रभुका स्वर्गदूत खास गरी मानिसहरूलाई डोर्याउन तिनीहरूका अघि-अघि थिए।) यसकारण बादलको खामो मानिसहरूको अघिबाट सरेर पछाडिपट्टि गयो। [20] यसरी त्यो बादल इस्राएली अनि मिश्रदेशी मानिसहरूको माझमा उभियो। यसले इस्राएलीहरूलाई उज्यालो दियो अनि मिश्रदेशी मानिसहरूलाई अँध्यारो। अँध्यारोले गर्दा फिरऊनका सेनाहरू इस्राएलीहरूको नजिक आउन सकेनन्।

- परमेश्वरले इज्रेलीहरू र फारो तथा तिनको सेनाको बीचमा एउटा बादल राख्नुभयो ।

- बादलले इज्रेलीहरूको निमित्ति प्रकाश दियो तर फारो र तिनको सेनातर्फ भने अन्धकार भयो ।

- यद्यपि बादलले फारो र तिनको सेनातर्फ अन्धकार बनायो तर पनि तिनीहरूले इज्रेलीहरूलाई खेद्ने काम जारी राखे ।
- फारो र तिनको सेनाले इज्रेलीहरूलाई लाल समुद्रसम्मै खेदे ।

आउनुस् प्रस्थान् १४:२३-२८ पद पढौं ।

[23] फिरऊनका घोडसैनिक अनि रथहरूले इस्राएलीहरूलाई समुद्र बीचमा खेदे। [24] एकाबिहानै परमप्रभुले बादल अनि आगोको खाँबोबाट मिश्रका सेनालाई हेर्नु भयो। अनि उहाँले तिनीहरूलाई आक्रमण गर्नु भयो अनि पराजित पार्नु भयो। [25] रथका पाङग्राहरू भासिए अनि रथलाई नियन्त्रणमा राख्न कठिन पर्यो। मिश्रदेशका मानिसहरू जोरले कराए, "हामी यहँबाट भागौं, परमप्रभु हाम्रो विरूद्ध इस्राएलका मानिसहरूको पक्षमा लडाइँ गर्नु हुँदैछ।"

[26] तब परमप्रभुले मोशालाई भन्नु भयो, "समुद्रमाथि तिम्रो लहुरो उठाऊ जसले गर्दा पानी मिश्रहरूका घोडाहरू र रथहरूमाथि फर्केर जाऊन्।"

[27] यसकारण बिहान उज्यालो हुनअघि मोशाले आफ्नो लहुरो समुद्रमाथि उठाए अनि समुद्र फेरि पानीले भरियो। मिश्रका मानिसहरू त्यहाँबाट भाग्ने चेष्टा गर्दै थिए तर परमप्रभुले तिनीहरूलाई समुद्रमा डुबाएर मारिदिनु भयो। [28] त्यसको पानी पहिलाको स्थानमा फर्कियो अनि रथ र घोडाहरू सबैलाई डुबायो। फिरऊनका सम्पूर्ण सेनाहरू जो इस्राएलीहरूलाई खेद्दै आएका थिए डुबेर नष्ट भए। तिनीहरू कोही पनि बाँचेनन्।

- परमेश्वरले फारो र तिनको सेनालाई लाल सागरमा खसाल्नुभयो ।
- फारोको एउटै सेना पनि बचेन ।

- के फारोले परमेश्वरको विरुद्धमा लडाइँ गरेर उहाँलाई पराजित गरे ?
- गरेनन् ।

- कसले परमेश्वरको विरुद्धमा लडाइँ गरेर उहाँलाई पराजित गर्न सक्छ ।
- कसैले पनि सक्दैन ।
- के कुनै एकजना इज्रेली मर्‍यो ।

आउनुस् प्रस्थान १४:२९-३०

[29]समुद्रको पानी भाग-भाग भएर इस्राएलीहरूको दाहिने र देब्रेपट्टि उभियो र इस्राएलका मानिसहरू सूख्खा जमीनमा हिंडेर पारि गए। [30]यसरी त्यस दिन परमप्रभुले इस्राएलीहरूलाई बचाउनु भयो र ती मानिसहरूले मिश्री मानिसहरू लाल समुद्रको किनारमा देखे।

- एकजना पनि इज्रेली मरेन ।

- किन कोही एकजना इज्रेली पनि मरेन ?

- किनभने परमेश्वरले तिनीहरूलाई रक्षा गर्नुभयो ।

- परमेश्वरले किन इज्रेलीहरूको रक्षा गर्नुभयो ।

- किनभने परमेश्वरले अब्राहाम र इज्रेलीहरूद्वारा उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने परमेश्वरले अब्राहाम र इज्रेलीहरूद्वारा उहाँको बाइबल पठाउने प्रतिज्ञा गर्नुभएको थियो ।

- यदि हामीले परमेश्वरमा विश्वास गर्‍यौं भने उहाँले हाम्रो रक्षा गर्नुहुनेछ ।

- यदि हामीले परमेश्वरमा विश्वास गरेनौं भने उहाँले हामीलाई बचाउने हुनेछैन ।